आज **मिति २०७७ साल साउन ३० गते** चौरजहारी नगर कार्यपालिकाको **५७ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | असारे |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ श्रावण ३० गतेको ५७ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव । | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ७ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

२०७७/०५/३०

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

## ५७ औं नगर कार्यपालिकाको मिति २०७७।०४।३० गतेका निर्णयहरु

**निर्णय नं. १** : नगर कार्यपालिकाको आजको बैठकमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा थप छलफल र अध्ययन गर्नुपर्ने भएकोले मिति २०७७/०५/०५ गते बिहान ठीक ११:०० बजे पुनः बैठक बस्ने गरी आजको बैठक स्थगित गर्ने ।

२०७७।०४।३०

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

आज **मिति २०७७ साल भदौ ०५ गते** चौरजहारी नगर कार्यपालिकाको **५८ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

## ५८ औं नगर कार्यपालिकाको मिति २०७७।०५।०५ गतेका निर्णयहरु

**निर्णय नं. १** : मदिरा नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. २** : नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ३** : नगर शिक्षा नियमावली, २०७४ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ४** : संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ५** : आर्थिक वर्ष २०७६।०७७ को २०७६ श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मको आय र व्ययको विवरण सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ६** : साझेदारीमा औद्योगिक ग्राम तथा औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरु सञ्चालन तथा व्यवस्थापनको लागि स्थान तथा साझेदार छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ७** : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२०७७/०५/०५

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**विषय:-नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-**२०७७।०४।२६

१. **विषयको संक्षिप्त व्यहोरा:-**दैनिक गुजारा गर्न नसक्ने अति गरिब तथा विपन्न घरपरिवारहरुलाई सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउन नगर कार्यपालिकाबाट सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित भई लागू समेत भईसकेको छ । उपयुक्त स्थानमा कूशल व्यवस्थापनसहित सुपथ मूल्यका पसलहरु नगरपालिका मार्फत सञ्चालनको लागि आवश्यक पूर्व तयारी एवम् व्यवस्थापकीय कार्य गर्नुपर्ने देखिन्छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा १६ मा नगरपालिका आफैंले सुपथ मूल्यका पसल सञ्चालन गर्न सक्ने व्यवस्था छ । जसको उपदफा (१) मा माथि जुनसुकै कुरा उल्लेख भएतापनि नगरपालिका आफैंले नगर कार्यपालिकाको निर्णयानुसार सुपथ मूल्यका पसल सञ्चालन गर्न सक्नेछ । उपदफा (२) मा नगरपालिका आफैंले सुपथ मूल्यका पसल सञ्चालन गर्नुपर्ने अवस्थामा आवश्यक जनशक्ति नगर प्रहरीको रुपमा करारमा नियुक्त गरी परिचालन गर्न सक्नेछ । करारमा नियुक्त गरिएका नगर प्रहरीको पारिश्रमिक नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । सुपथ मूल्यका पसलमा खटिने नगर प्रहरी कर्मचारीहरुलाई नगर कार्यपालिकाको निर्णयानुसारको लाभांश समेत वितरण गरिनेछ । उपदफा (३) मा सुपथ मूल्यका पसल सञ्चालन गर्न आवश्यक भौतिक संरचना नगरपालिका आफैले निर्माण गरी वा भाडामा प्रयोग गर्न सक्नेछ । उपदफा (४) मा नगरपालिका आफैले सञ्चालन गरेका सुपथ मूल्यका पसलबाट विक्रि वितरण गरिने दैनिक उपभोग्य वस्तुहरुको मूल्य नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । उपदफा (५) मा सुपथ मूल्यका पसलहरु सहज र व्यवस्थित रुपले सञ्चालन गर्न नगरपालिकामा एक सुपथ मूल्यका पसल सञ्चालन कोष स्थापना गरिनेछ । उपदफा (६) मा कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । उपदफा (७) मा कोषमा सुपथ मूल्यका पसल सञ्चालनको लागि संघीय सरकारबाट प्राप्त रकम, प्रदेश सरकारबाट प्राप्त रकम, नगरपालिकाबाट विनियोजित रकम र अन्य व्यक्ति तथा संघ संस्थाहरुबाट प्राप्त रकम जम्मा गरी खर्च गरिनेछ । उपदफा (८) मा कोषको आन्तरिक

राज बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण इकाईबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ । भन्ने व्यवस्था छ ।

३. **प्रस्ताव पेश गर्नुपर्नाका कारण र सम्बन्धित शाखाको राय** :-खाद्य संस्थानबाट सुपथ मूल्यमा चामल खरिद गरिएको अवस्था छ भने साल्ट ट्रेडिङबाट सुपथ मूल्यमा नुन खरिद गरिएको छ । खरिद गरिएको चामल तथा नुन खरिद मूल्य अनुसार नै उपभोक्ता कार्ड प्राप्त घरपरिवारहरुलाई नगरपालिका मार्फत उपलब्ध गराउन कार्यविधिमा उल्लेख भए अनुसार आवश्यक भौतिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा**:-नगरपालिका मार्फत सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सम्बन्धी देहायका निर्णयहरु सम्बन्धी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ र विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

## *निर्णयको व्यहोरा*

(१) चौरजहारी नगरपालिका वडा नं. १, २, ३ र ८ ४, ५, ७, ८ र ९ का उपभोक्तालाई मध्यनजर गरी एउटा सुपथ मूल्यको पसल वडा नं. २ स्थित नगरपालिका कार्यालय आसपास वा वडा नं. ३ को कार्यालय आसपासमा स्थापना गर्ने । सोको लागि भौतिक संरचना निर्माण नहुञ्जेल कोठा भाडा लिएर सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(२) चौरजहारी नगरपालिका वडा नं. ४, ५, ७, ८ र ९ का उपभोक्तालाई मध्यनजर गरी एउटा सुपथ मूल्यको पसल वडा नं. ७ स्थित मेलैनाउली आसपासमा स्थापना गर्ने । सोको लागि भौतिक संरचना निर्माण नहुञ्जेल कोठा भाडा लिएर सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(३) चौरजहारी नगरपालिका वडा नं. ६, १०, ११, १२, १३ र १४ का उपभोक्तालाई मध्यनजर गरी एउटा सुपथ मूल्यको पसल वडा नं. ११ स्थित टाटाबजार आसपासमा स्थापना गर्ने । सोको लागि भौतिक संरचना निर्माण नहुञ्जेल कोठा भाडा लिएर सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(४) सुपथ मुल्यका सहकारी पसल सञ्चालन प्रयोजनार्थ खटिने गरी मिति २०७७।०४।११ गते नगर प्रहरी भर्ना सम्बन्धी सूचनामा उल्लेखित नगर प्रहरी जवान पदमा २ जना दरवन्दी थप गरी सोही अनुसार नगर प्रहरी जवान छनौट गर्ने । निकट भविष्यमै सार्वजनिक निजी साझेदारीमा स्थापना हुने



का. प्रमुख प्रशासकीय अधिकृत

औद्योगिक ग्राममा सुरक्षा गार्डको रुपमा कामकाज गर्ने गरी थप २ जना नगर प्रहरी जवान समेत छनौट गर्ने ।

(५) सुपथ मुल्यको पसलबाट विक्रिवितरण हुने दैनिक उपभोग्य वस्तु तथा सेवाको दर नगरपालिकाले नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा तोके बमोजिम हुने । साथै उपभोक्ता कार्ड वडा कार्यालयको सिफारिसमा नगरपालिकाले नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा वितरण गर्न सक्ने ।

..............................

रामबहादुर केसी

प्रमुख प्रशासकीय अधिकृत